KVM Research Journal
Multidisciplinary Peer Reviewed, Journal
ISSN : 2976-1301

# सुलोचना महाकाव्यमा रसको प्रयोग

**हरि सिंह खाती**
उप प्राध्यापक
कञ्चन विद्या मन्दिर सामुदायिक कलेज
khatiharisingh@gmail.com

## १ विषयप्रवेश

सुलोचना महाकवि देवकोटाको २००२ सालमा लेखिएर २००३ सालमा प्रकाशित महाकाव्य हो । शाकुन्तल महाकाव्यको प्रामाणिकताका लागि विषयवस्तु निर्धारण गरी तोकिएको समय सीमाभित्र लेखिएको यो महाकाव्य विषयवस्तु र मौलिकताका दृष्टिले बेजोड छ । सामाजिक विषयवस्तुलाई यसले समेटेको छ । र णाकालीन नेपाली समाजलाई यस महाकाव्यले पहिलोपटक महाकाव्यको विषयवस्तु बनाएको छ ।

सुलोचना नेपाली महाकाव्य परम्पराको आधुनिक कालको दोश्रो महाकाव्य हो । जम्मा १५ सर्गमा संरचित यस महाकाव्यमा २००७ साल पूर्वको राणकालीन समयको काठमाडौं उपत्यकाको सामाजिक जीवनको यथार्थतालाई प्रस्तुत गरिएको छ । यस महाकाव्यमा प्रथम सर्गमा मंगलाचरण रहेको छ भने दोस्रो सर्गदेखि कथानकको सुरूवात गरी पन्ध्र सर्गमा कथानकको अन्त्य गरिएको छ । यसमा राणा समाज र राणा समाजले अन्य समाजलाई हेर्ने दृष्टिकोणको यथार्थतालाई कथानकको आधार बनाएर एउटा सुसम्पन्न परिवारमा जन्मिएकी नारीले आफ्नो इच्छा अनुसार विवाह गर्न नसकेको र पारिवारिक दबावमा पिडैपीडामा आफ्नो शरीर त्यागन पुगेको विषयलाई कारुणिक रुपमा प्रस्तुत गरिएको छ । प्रस्तुत शोधमा पूर्वीय रस सिद्धान्तलाई आधार बनाएर यस महाकाव्यमा आएका अङ्ग रसहरूका आधारमा यस महाकाव्यमा प्रकट भएको अङ्गी रसको अध्ययन निम्न प्रकार गरिएको छ । सुलोचना महाकाव्यमा रति, भय, उत्साह, विस्मय आदि भावहरू देखिए तापनि शोकभावलाई परिपाक स्थितिमा पुऱ्याउनको लागि आएका छन् ।

**२ शब्दकुञ्जिका** ः सुषमा, विपुललोचनी, अरण्यवालिका, तिमिरमर्दन , मुखाले ।

## ३ रसको परिचय

रस शब्दलाई वैदिक युगदेखि अर्थ्याउन थालेको पाइन्छ । यसलाई आस्वादन गर्न सकिने पदार्थसाग दाजिएको छ । 'रस' भन्ने बित्तिकै जिभ्राले स्वाद लिन सकिने, चुस्न वा चाट्न सकिने तरल वस्तुलाई बुझाउछ । यसलाई परिवेशअनुसार फरक-फरक अर्थका रूपमा चिनाए पनि साहित्यमा यसलाई भाव संवेदनालाई मानव हृदयमा पार्ने प्रभावका रुपमा बुझिन्छ ।

रस शब्द 'रस' धातुमा 'अच्' वा 'आ' प्रत्यय लागेर बनेको हुन्छ । यसलाई अवस्था, परिस्थिति अनुसार फरक-फरक रूपले अर्थ्याएको पाइन्छ । रसलाई कोशीय अर्थमा - आलो वा गिलो तरल पदार्थ या

झोल/जडीबुटी, पात, बोक्रा, फलफूल तथा जरा आदि निचोर्दा आउने तरल पदार्थ/खोटो, चोप, निर्यास/शरीरबाट निस्कने रगत, वीर्य, दुध, पसिना आदि/सुधा/अमृत/रक्सी, मदिरा/जल पानी/जिभ्राले चाल पाउने नुनिलो, पिरो आदि स्वाद षडरस/औषधि/पारो/सिम्रिक/सार मुख्य तत्त्व/विभाव, अनुभाव र व्याभिचारीभावको संयोजन हुादा मानव हृदयमा उत्पन्न हुने विशिष्ट भाव नवरस आदि पर्दछन्।

संस्कृत साहित्यका विद्वान आचार्य भरतदेखि जगन्नाथसम्मको समयावधिमा रसचिन्तन कहिले उच्च त कहिले मन्द गतिमा निरन्तर अगाडि बढेको देखिन्छ । भरतले रसलाई नाटकको रूपमा मात्र हेरेको अवस्थामा पछाडिका विद्वानहरू भामह, दण्डी, वामन, रुद्रट, आनन्दवर्धन, अभिनवगुप्त, भोजराज, मम्मट, विश्वनाथ, जगन्नाथ आदि सबैले रसलाई कुनै न कुनै रूपमा स्वीकार गरेर रसको महत्त्व बढाएका छन् । भामहदेखि आनन्दवर्धनपूर्व नाटकको क्षेत्रबाट समग्र काव्यमा रसको अनिवार्यताका बारेमा विशेष व्याख्या गरेका छन् । रस ध्वनिलाई महत्त्व दिने आनन्दवर्धनले व्यङ्ग्यार्थ भन्न खोजेजस्तो देखिए तापनि घुमाउरो पारामा रसलाई नै काव्यको आत्मा भन्न पुगेका छन् । आनन्दवर्धन पछाडि रसले विस्तारित रूप लिई विश्वनाथले त रसलाई काव्यको आत्मा नै भन्न पुगेका छन् । पहिले नाटकमा मात्र लागू हुने देखिएको रस पछि आउादा समग्रकाव्यमा नै यो प्रवाहित भएको स्वीकार गरेका छन् भने यो नै काव्यको आत्माका रूपमा अगाडि आएको छ । अन्य जे जस्ता सिद्धान्तहरू आए तापनि रसलाई उछिनेर अगाडि जान सकेको देखिादैन भने रसले उच्चतम् बिन्दु प्राप्त गरेको देखिन्छ ।

## ४ रसका प्रकार

रसका प्रकारका बारेमा विभिन्न विद्वानहरू बिच मतभेद रहेको देखिन्छ । भरतले चित्तवृत्तिका आधारमा मुख्य चार र शाखा चार गरी आठवटा रस मानेका छन् । भरतका अनुसार मूल रसहरूमा शृङ्गार, रौद्र, वीर र वीभत्स हुन् भने अन्य चार रसहरू यिनै शाखाबाट आउाछन् भन्ने मान्यता राख्दछन् । यसरी पूर्वीय स ंस्कृत साहित्य सिद्धान्तमा आचार्य भरतदेखि आनन्दबर्द्धन सम्म आईपुग्दा भरतकै मान्यतालाई सबैले अनुसरण गरेको देखिन्छ । खासगरि पूर्वीय साहित्यमा नौ रसलाई नै सबैले स्वीकार गरेर व्याख्या गरेको देखिन्छ ती नौ रसहरू हुन् शृङ्गार, हास्य, रौद्र, करुण, वीर, अद्भूत, वीभत्स, भयानक, शान्त ।

## ५ महाकाव्यमा अङ्गी रसविधान

सुलोचनामा सुरुमा शृङ्गार र शान्त रस तथा बिचमा वीर र रौद्र रस देखिए पनि अन्त्यमा करुण रसको शोक स्थायी भाव परिपाक बनेर आएको छ । यस महाकाव्यमा सुलोचनाले आफ्नो मन मिल्ने प्रेमिका अनंगसाग विवाह गर्न नपाई कुलघरान इज्जतका आधारमा घर परिवारबाट जबरजस्ती विलास सिाहसाग विवाह गरिनुबाट नै करुणामिश्रित विप्रलम्भ शृंगार रसको भाव जागृत हुादै गएको छ । यो कुर ाबाट सुलोचना मूर्च्छित बन्नु र कला चिन्तित बन्नुबाट शोक जागृत हुादै गएको छ । सुलोचनाको सासु घोर दुर्मुखा पर्नु, विलास सिाहले दोश्रो विवाह गर्नु, त्यहाा काम गर्ने बिजुलीले सुलोचनाका दाजुसाग आफना दुःख

सुनाउादै आाशु झार्नु, रातमा जैमाने भेषधारी अनंगले मुरली बजाएको सुन्दा सुलोचनाले अनंगलाई सम्झनु, विलास सिाहले सुलोचनाको टाउकोमा हान्नु र रक्ताम्य पार्नु, जैमानेले अनंग र सुलोचनाको बाल्यकालदेखिको सम्पूर्ण घटना बताउादै सुलोचना पवित्र र चोखी भएको पुष्टि गरि त्यहााबाट अलप हुनु लगायतका घटनाहरूले शोक स्थायी भावलाई मलजल प्रदान गरी यस भावलाई परिपाकतिर अग्रसर गर ाएको देखिन्छ ।

जैमानेका कुरा सुनेर सुलोचनाले अनंग त्यही हो भन्ने अनुमान गरी रातभरि रुादै रुादै थाक्नु यता विलास सिाह अपराध बोधले छट्पटाई आत्महत्या गर्नु, उता सुलोचना क्षयरोगले ग्रस्त बन्नु र उनलाई आर्यघाट पुऱ्याइनुका घटनाबाट शोक भाव परिपुष्ट हुादै जैमानेलाई आर्यघाटमा देख्नासाथ सुलोचनाले प्राण त्याग गर्दा र त्यो व्यक्ति अनंग नै हो भन्ने सबैलाई थाहा भएपछि त्यहाा भएका सबै व्यक्ति रुन थाल्दा शोक भाव पूर्ण रुपमा जागृत भई करुण रस परिपाकको अवस्थामा पुगेको छ । अङ्गी रस र साधारणीकरणको अवस्थालाई करुण रससम्बद्ध विभाव, अनुभाव, व्यभिचारी भाव, सञ्चारी भाव र स्थायी भाव जस्ता रस सामग्रीका आधारमा निम्नानुसार विश्लेषण गरिन्छ ।

### ५.१ स्थायी भाव

महाकाव्यमा अङ्गी रसका रुपमा करुण रस सतह प्रवाहमा बगेको छ । नायिका सुलोचना एकातिर पतिले अर्को स्वास्नी ल्याएका कारण एक्लै जीवन निर्वाह गर्नु परेको बाध्यात्मक अवस्था छ भने अर्कोतिर आफूले प्रेम गरेको अनंग र उसको यादमा तड्पिनु परेको बाध्यात्मक अवस्था छ । यस्तो दुईवटा बाध्यात्मक अवस्थाले महाकाव्यको घटना अगाडि बढेको छ । यस्ता घटनाले सुलोचनामा पीडा, अश्रुपात, वैमनस्यता, शून्यता जस्ता भावहरू सिर्जना भएका छन् । यस्ता भावहरूकै सिर्जनाबाट अन्त्यमा सुलोचनाले प्राण त्याग गर्छिन । यसरी यस महाकाव्यले सुरु देखि नै शोक स्थायी भावलाई वहन गर्दै परिपाकमा पुऱ्याएको छ ।

### ५.२. विभाव

करुण रसलाई परिपाक तुल्याउने विभावहरूमा आलम्बन विभाव र उद्दीपन विभावले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । यहाा यिनको विश्लेषण पृथक उपशीर्षकमा गरिन्छ ।

### ५.३ आलम्बन विभाव

महाकाव्यमा सुलोचना, अनंग, आर्यघाटमा उपस्थित सबै जनाहरू र बिजुली, तिमिर मर्दन लगायतका सहायक पात्रहरू आलम्बन विभावका रुपमा रहेका छन् । आलम्बन विभावमा सुलोचना र प्रेमी अनंगका बीच विछोडले सुलोचनामा बारम्बार अश्रुपतन, पीडा, वेदना आदि पोख्नु परेको छ । अनंगसाग विवाह गर्न नपाई क्षयरोगग्रस्त भई प्राण त्याग गर्ने सुलोचना महाकाव्यको वर्ण्य विषय भएकाले विषय आलम्बन र अनंग आश्रय आलम्बनका रुपमा रहेका छन् भने अर्कोतिर सुलोचना र अनंग दुवैजना

वर्ण्य विषय भएकाले विषय आलम्बन र ती दुवै जनाको विपत्ति देखेर दुःखी हुने सबै व्यक्ति नै आश्रय आलम्बनका रुपमा रहेका छन् । सहायक पात्रका रुपमा रहेको बिजुलीको समेत दुःखको वर्णन गरिएकाले ऊ विषय आलम्बन र सुलोचना लगायत सहायक पात्र बिजुलीका समेत दुःखको कहानी सुन्ने तिमिर मर्दन आश्रय आलम्बनका रुपमा रहेका छन् ।

यस्तो जीवनको गरेर बली लौ यो घाटमा यो घरी
बस्छयौ पागल भौ यसै हृदयको लाटी बने भैं हरि ।
स्वामीको पनि भो विवाह अब ता आर्की भई साथमा
छुट्टा बस्नु थियो अलग्ग दिलले आाखा रुभी रातमा ॥
रुँदै आकाशको बोल्यो बिलौना सब प्राणका । (६, पृ. ९५)

यसमा नायिका सुलोचनाले आफूले सोचे अनुसारको विहे गर्न नपाएर छटपटाउँदै आफू मृत्यु समान भईसकेको र अब ऊ सित केही पनि नभएको उसको कोही आफन्त साहारा नभएको कुरा यस प्रसङ्गमा आइको छ । उसको एउटा त्यस्तै स्वामी त थियो त्यसले पनि अर्की सौता लिएर आयो यदि मैले छुट्टै नै बस्नु थियो भने किन मेरालागि यस्तो रात पारेको अब यो संसारमा मेरो धिक्कार छ भन्दै विलौना गरेको छ भने अर्का श्लोकमा नायक नायिकाको भाग्ने सौभाग्यको अवसर फेल भएपछि र अरुले भागेको पुन : समातेपछि आफ्नो जीवनमा अब शून्य भयो जीवन नै सकियो यत्तिसम्म रहेछ जसरी गर्जीएको मेघले आकाशका जम्मै ताराहरूलाई बन्द गरिदिन्छ त्यसरी नै आफ्नो जीवन पनि मेघ सागको भयानक देवासुर स ंग्राम सकिएको र आफूले हारेको पूरै जीवनमा नसोचेको वज्रपात परेको कुरा बाट यहाा करुण रस प्रकट भएको देखिन्छ ।

**५.४ उद्दीपन विभाव**

प्रस्तुत महाकाव्यमा आर्यघाटमा रहेको सुलोचनाको मृत शरीर, जैमानेका रुपमा अनंगले बजाएको मुरलीको विरह संगीत, अनंगसाग बस्न नपाई विलास सिहसाग जीवन विताउनु पर्दाको नष्ट परिवेशले शोक स्थायी भावको उद्दीपकको काम गरेकाले यी विषयहरू उद्दीपन विभावका रुपमा रहेका छन् । यस्तै मेघ गर्जन, एकान्त रात, आकाशको गडगडाहट जस्ता विषयको वर्णन समेत यस महाकाव्यमा गरिएको छ । जस्तै

यत्तिकैमा पऱ्यो साांभ रोयो एकान्त आासुका
भरे बादलका दाना लुके ताराहरू सबै ।
भररर गर्जियो मेघ देवासुर लडाइा भैं
आत्माको भगडा भित्री चम्के भैं बिजुली बनी । (६, पृ. ९५)

उपर्युक्त हरफहरूमा अनंग टाढा हुादा सुलोचनाले कलामार्फत चिठी पठाउन खोज्दा साांभ परेर कालो बादल मडराई बिजुली चम्केको परिवेशबाट अनंगसाग भेट नहुने हो कि भन्नेतर्फ सङ्केत गरेको हुादा शोकको उद्दीपन भावलाई जागृत गर्न सहयोग गरेको छ । यहाा साांभ परेको एकान्त वातावरणमा आासुका धारा

बहाउनुले करुण रसको उद्दीपन, देवासुर संग्रामको लडाईाले क्रोध जागृत भएको छ । यसमा रौद्र रसको उद्दीपन भएको छ । यसरी माथि उल्लेखित साँझको वातावरण, लडाइास्थल र बिजुलीको चम्काइ जस्ता वातावरणहरू उद्दीपन विभावका रुपमा प्रस्तुत भएका छन् ।

### ५.५ अनुभाव

प्रस्तुत महाकाव्यमा अनंगसागको विछोडले सुलोचनाको मनस्थितिमा विभिन्न कारुणिक अनुभूतिहरू सागालिएका छन् । अश्रुपात, प्रलाप, बेदना, कम्पन उठ्नु, रुनु, कराउनु जस्ता अनुभावहरू यस महाकाव्यमा चित्रण गरिएका छन् । सुलोचना महाकाव्यमा करुण रसलाई परिपाक गर्न सुलोचनाले बारम्बार चिच्याउनु, कराउनु, मूर्च्छित हुनु, छाती पिट्नु, टाउको टोक्नु, ईश्वरलाई सराप्नु, लामो सास फेर्नु, विस्मरण हुनु जस्ता अनुभावहरूले करुण रसलाई परिपाक बनाउने कार्य गरेको छ । जस्तैः

भरी नजरले सुस्त खुकुला हात खोज्दछन  
नसकी अड्न त्यो पानी आाखाका गहिराईमा ।  
खास्टोको छेउले पुच्छिन् छोई संकोचले तब  
गहको भरिलो तौला पृथिवीतिर वर्षने  
गह्रकुपनले अड्दा बल्ल बल्ल गिरुासरी  
मानो त्यो रसिलो थोपा छातीमाथि बसुन्धरा  
आमाको आड ली काप्दो भरियो छेउले पुछिन् । (६, पृ. ९२)

उपर्युक्त हरफहरूमा कला नामकी खलपात्र नायिका सुलोचनाकी सहयोगी पात्रका रुपमा रहेकी छिन् । सुलोचनााको बारेमा उनका आमा बुबाले छोरीलाई थाहा नदिई गरेको कामलाई जानकारी गराउने काम रहेको छ । विलाससिाहसाग उसको विवाह हादैछ भन्ने जानकारी गराएपछि सुलोचनाको मन भारि भएको र आाखाबाट अश्रुपात भएको, विलौचन गरेको, खास्टोले आासु पुछेको, आमाको आड लिएर छेउमा गएको जस्ता सुलोचनाले गरेको प्रतिक्रियाले अनुभावको वर्णन गरेको छ । यस्ता अनुभावहरूले करुण रसलाई परिपाक गराउन सहयोग गरेको छ ।

यस महाकाव्यमा सुलोचनाले अनुभूति गरेका प्रियजनको सम्झना, प्रलपन, क्रन्दन, स्तम्भ, निःश्वास, उच्छवास जस्ता अनुभावहरूको समेतले पनि करुण रसलाई अझै परिपाक गरेको प्रष्ट पाइन्छ । जस्तैः

घुस्थे सुलोचनाभित्र जून भन्दा सफा बनी  
रुन्थिन् ती आासुका ढीक शब्दभित्र निदा  
यौटी झुकी रुादी भित्र अर्को आाखा जलै जल ॥  
बस्ता रात बिते धेरै तर हाम्री सुलोचना ।  
कतै गर्दिनथिन शंका त्यस्तो मुरलिवादक ।  
अनंगको सिवा कोही अरु हैन भनीकन ॥ (१३, पृ. २०५)

**सुलोचना महाकाव्यमा रसको प्रयोग**

उपर्युक्त हरफहरूमा जैमानेले सुलोचनाको घरमा मुरली बजाउादा सुलोचनाले अनंगसागका आफना पुराना दिनहरूको सम्भना गरेको विषयको वर्णन गरिएको छ । यसमा नायक र नायिकाको प्रेम चुपचाप हेर ाईको रुपमा मात्र रहेको छ । आफू दुईको प्रेमलाई कसरी साकार पार्ने त्यो पनि हुनदिने हुन् कि होईनन् कतै सुलोचनाको अन्तै पो विवाह हुने होकि भन्ने जिज्ञासासूचक भावनाहरू अनंगका मनमा तिरमिराएको देखिन्छ । यस्ता विषयलाई मनमा लिएर दुबै जना एकान्तको अवस्था छोपी आफ्ना मनोईच्छालाई आाशुका माध्यमबाट व्यक्त गरेको भाव यसमा प्रस्तुत भएको छ ।

**५.६ व्यभिचारी भाव**

सुलोचना महाकाव्यमा करुण रसलाई परिपाक बनाई रस निष्पत्ति गराउन विषाद, ग्लानी, व्याधि, जडता, उन्माद, चिन्ता, अपस्मार, मोह, निर्वेद, चिन्ता, वितर्क जस्ता व्यभिचारी भावहरू देखिएका छन् । यसले करु ण रसको निष्पत्ति गर्न सहयोग पुऱ्याएको छ ।

**६ शृङ्गार रसको अभिव्यक्ति**

सुलोचना महाकाव्यमा सुलोचना र अनंगका बिचका प्रेम प्रसङ्गहरूमा तथा बिजुलीको विहेका प्रसङ्गहरूमा शृंगार रसको आभास भएको छ । अङ्ग रसका रुपमा शृंगार रस यति सशक्त रुपमा रहेको छ कि महाकाव्यको अन्तसम्म पनि वियोग शृंगार रहीरहेको छ । करुण रस सागसागै विप्रलम्भ शृंगार रस बगेको देखिन्छ ।

**७ हास्य रसको अभिव्यक्ति**

सुलोचना महाकाव्यमा हास्य रसको पनि प्रयोग भएको छ । यहाा बिजुली नाम गरेकि खलपात्रको भूमिकाले हास्य रसलाई परिपाक बनाउने कार्य गरेको छ । यसमा हास स्थायी भाव रहेको छ । हास्य रसको उत्पत्ति बिजुली नाम गरेको पात्रका माध्यमबाट भएको छ । यसर्थ बिजुलीलाई आलम्बन विभावका रुपमा लिन सकिन्छ । उद्दीपन विभावका रुपमा बिजुलीको रहनसहन, भेषभुषा, लवाई, खवाई, कुरा गर्ने तरिका, हसाइ, चेष्ठा, विकृत वा अनौठो चेष्ठा जस्ता परिवेशले उद्दीपन विभावलाई संकेत गरेको छ । सुलोचना महाकाव्यमा बिजलीमा देखिएका कायिक, वाचिक, मानसिक परिवर्तन जस्तै आाखा खुम्चनु, दाात देखाउनु, पेट मिच्नु, लुटुपुटु हुनु, मुख बिगार्नु, आासु आउनु, प्रसन्न हुनु, कुरा गर्नु जस्ता परिवर्तनले हास्य रसलाई उद्दीप्त बनाउने कार्य गर्नुका साथै हास्य रसलाई उत्कर्षमा पुऱ्याउने कार्य गरेको छ । बिजुलीमा देखिएका रोमाञ्च, आासु, दैन्य, मद, आलस्य, निन्द्रा जस्ता सञ्चारी भावले हास्य रसलाई सम्प्रेषण र साधारणीकृत गर्दै हास्य रसलाई परिपाक बनाउने कार्य गरेको छ ।

उदाहरण :

अरुको प्रेममा फस्दी घृणा गर्दी विवाहको ।

दुखी पागल झौ बन्छे सौता भन्थिन् खिज्याउने ॥
कहिले कहिले हाास्ने रुने तर सधैभरी ।
छााटाहरू निकालेर काम छल्ने सधैभरी ॥
कृष्णको मूर्ती ल्याएर पूजा गर्दी निरन्तर ।
स्वामीजस्तो बनाएर भज्दी पनि अरु तर ॥

उपर्युक्त श्लोकहरूमा बिजुली नामकी एउटा खलनायिकाको भूमिका अलि हाास्य खालको रहेको छ । उनी आफू खालको रहन सहनमा रम्ने खालकी पात्रका रुपमा रहेकी छिन् उनी बाहिरबाट राम्रो गर्ने तर भित्र भित्रै अर्कै गर्ने । आफू विधवा भएर पनि आफ्नै नोकरसाग लागेर पेटमा गर्भ बसेको कुरा यसमा रहेको छ । बिजुलीले बाहिर सबैलाई आफू राम्रो भएको र अरुका नराम्रा नराम्रा मात्र पक्ष देखेर त्यसको आलोचना मात्र गर्ने गरेको पाईन्छ । कुनैवेला कृष्णको मुर्ती राखेर त्यसको पूजा अर्चना गर्ने नोकरलाई नै स्वामीको रुपमा पाएर वा राखेर त्यसलाई पूजा गरेर भज्ने कुरा यसमा आएको छ ।

### ८ रौद्र रसको अभिब्यक्ति

सुलोचना महाकाव्यमा बिजुलीको क्रियाकलाप देखेर गाउालेहरूको आक्रोश तथा क्रोधको भाव उत्पन्न भएको छ भने अर्कोतिर शत्रुमर्दनले अनंगलाई गाली गरेको, आमा भावनाले सुलोचनालाई गाली गरेको र घरमा थुनेर राखेको, सुलोचनाले सासुबाट सहनु परेको पीडा र ताडना, विलाससिाहबाट सुलोचनाले खेप्नु परेको प्रताडना जस्ता घटनाहरूले क्रोध स्थायी भाव उत्पन्न भएको छ । शत्रुमर्दन, भावना, सुलोचनाकि सासु र विलाससिाह जस्ता पात्रहरू आलम्बन विभावका रुपमा देखिएका छन् । बिजुलीको परपुरुषसागको अनैतिक सम्बन्ध, उसप्रतिको आक्रोश, बलपूर्वक कोठाभित्र थुन्नु, आमाबुबाले गाली गर्नु, सासुको कर्कश स्वर, विलाससिाहको व्यवहार जस्ता घटना र वातावरणले उद्दीपन विभाव उत्पन्न गराएको छ । यसमा घटेका घटना र प्रतिघटनाले बिजुली र सुलोचना, शत्रुमर्दन, भावना, सुलोचनाकी सासु, अनंग र विलाससिाह जस्ता पात्रहरूका शारीरिक, मानसिक, कायिक क्रियाकलाप र त्यसबाट उत्पन्न अनुभावहरू अनुहार रातो पीरो पार्नु, पाखुरा नाडी निमोठ्नु, गर्जनु, हतियार उठाउनु आदिले पनि रौद्र रसलाई निष्पत्ति गराउन सहयोग पुऱ्याएको छ । यसमा रहेका सुलोचना, अनंग, विलाससिाह, भावना लगायतका पात्रहरूमा देखिने छिनछिनमा सञ्चार हुने आवेग, अमर्ष, गर्व, खेद, उन्माख, व्याधि, असूया, अपस्मार र चपलता जस्ता व्यभिचारी भावले रौद्र रसलाई उत्कर्षमा पुऱ्याएको छ ।

उदाहरण :

घर त्यस्तो भए उल्टो दुखको नै निकेतन
माइतैबीचमा डल्ली बस्न त्यो किन सक्ति ,
दिलमा छ अरु द्यौता कृष्ण छन् देख्न बाहिर ।
तेस्रो हजुर पो पारी लखौटी भै निरन्तर ॥ पृ.१७३

उपर्युक्त हरफहरूमा गाउालेले बिजुलीको खराब आचरण प्रति आक्रोश व्यक्त गरेका छन् । उ आफू विधवा भएर पनि पर पुरुषबाट अनैतिक सम्बन्ध गरेको र उसको पेटमा अर्काको बच्चा रहेको थाहा पाएपछि सबैले त्यसलाई धम्काउने, डराउने काम र उप्रति आक्रोश व्यक्त गर्ने काम भएको छ । घरबाटै निकल्न र माईतिमै किन नबसेको, बाहिर भगवान कृष्णको ढौग रच्ने तर भित्र अर्कै नाठो पालेको आरोप लागेको छ । यसलाई अब एउटा त्यस्तो कोठामा बन्द गरिदेउ वा बाांधेर राख जो बिहान र बेलुका खानखानलाई मात्र खोल भन्ने जस्तो आक्रोश बाट यहाा वीररसले झल्का प्रस्तुत गरिएको छ ।

**८ वीर रसको अभिव्यक्ति**

सुलोचना महाकाव्यमा धनी र गरिबका विचमा द्वन्द्व देखाइएको छ । धनीले गरिबलाई हेप्ने र अनंगलाई समेत हप्काउने, पिट्ने, रिसाउने र पैसाको धाक लगाउने जस्ता घटनाले उत्साह स्थायी भावको विकास भएको छ । सुलोचनाको पति, शत्रुमर्दन जस्ता व्यक्ति आलम्बन विभावका रुपमा आएका छन् । त्यसै गरी उद्दीपन विभावका रुपमा शत्रुको हाांक, हातहतियार, युद्धस्थल, वीरता प्रदर्शन जस्ता विभावले उद्दीपन विभावलाई संकेत गरेको छ । सुलोचना महाकाव्यमा अनुभावका रुपमा शत्रुमर्दनले वासुदेवलाई थर्काउनु, अनंगलाई हप्काउनु, पिट्नु, रिसाउनु, कड्किनु, कठोर वाणी, गर्वयुक्त वाणी, शस्त्र अस्त्र देखाउनु, मुठी कस्नु, आक्रमण गर्नु, दाह्रा किट्नु जस्ता कायिक, वाचिक, मानसिक र आहार्य जस्ता अनुभावहरूले वीर रसलाई परिपाक गराउनमा मदत गरेको छ । सुलोचना महाकाव्यमा शत्रुमर्दन र वासुदेवको, सुलोचना र उसको पतिका विचको, शत्रुमर्दन र अनंग विचको, धनी र गरिबका विचको देखिएको द्वन्द्वले महाकाव्यमा गर्व, हर्ष, धृति, अमर्ष, असूया, उन्माद, आवेग र ग्लानी जस्ता व्यभिचारी भावहरू सञ्चार भएका छन् । यी भावहरूले वीर रसको निष्पत्तिमा सहयोग पुऱ्याएका छन् ।

उदाहरण :

भयो दिनभरी ठूलो विवाद अरुका साग ।
लिएनन् अन्न औ पान मांसाहार हटाउन
विज्ञ संविद् अघि सरे सम्झाए धर्म वीरको
पैसा भन्दा मिजाजै हो ठूलो मानिसको धन ।
यस्ता दुच्छर बोलिको वासमा पाउ हाल्दिन । (३, पृ.

उपर्युक्त श्लोकहरूमा अंनगको परिचय , शत्रुमर्दन र वासुदेवको सम्बन्धको बारेमा वर्णन गरेको प्रशंगकोमा आएको छ । वासुदेव शत्रुमर्दनका बाल्यकालदेखिका साथि हुन् तर शत्रुमर्दन धनी र क्षेत्री हुन वासुदेव सुरु देखिनै गरिब हुन् । वासुदेवका छोरा र शत्रुमर्दनका छोरा पनि साथि नै हुन् । सुलोचना अनंगलाई मनपर ाउाछिन दुबैले गोप्य रुपमा एकआपसमा प्रेम गर्ने र मनपराउने पनि थाहा छ । तर अनंग गरिब भएकै कार ण र आफ्नो परिवारमा नमिल्ने व्यक्ति भएकाले शत्रुमर्दन टाढा राख्न चाहान्छन् । बिचबिचमा अनंगलाई हप्काउने पिट्ने गर्ने हाादा रिसाएको अबस्थामा वासुदेवले आफ्ना साथी शत्रुमर्दनसाग भनेका छन्

ता ठूलो भएपनि म तेरो घरको भान्छे होईन ख्याल गर, मुख सम्हालेर बोल, पैशाभन्दा ठूलो मानिसको मन हो भनेर कड्किएको प्रसङ्गबाट यहाा वीर रसको प्रयोग भएको छ ।

**१० भयानक रसको अभिब्यक्ति**

प्रस्तुत महाकाव्यमा शत्रुमर्दनको रिस र त्यसबाट डराएको अनंगमा उत्पन्न डर र सुलोचनाका बाबुको रिसले उत्पन्न भएको डरले भय स्थायी भाव उत्पन्न भएको छ । सुलोचनाका बाबु र शत्रुमर्दन आदि पात्रहरू आलम्बन विभावका रुपमा र डरलाग्दो अवस्था, मसानघाट, वहस गर्ने स्थान, भयप्रद चेतना जस्ता उद्दीपक परिवेश र स्थानहरू उद्दीपन विभावका रुपमा आएका छन् । शत्रुमर्दन र सुलोचनाका बाबु देखेर अनंगमा र विलाससिाह देखेर सुलोचनामा उत्पन्न भएको रौं ठाडो हुनु, अनुहारको रंग फुस्रो हुनु, काापं छुट्नु, पसिना आउनु, स्वर बिग्रनु, रुनु आदि अनुभावहरूले भयानक रसलाई निष्पत्ति गराउने कार्य गरेको छ । सुलोचना र अनंगमा देखिएका त्रास, चिन्ता, मूर्च्छा, ग्लानी, शंका, आवेग, अपस्मार जस्ता सञ्चारी भावले भयानक रसलाई निष्पत्ति गर्ने कार्य गरेको छ ।

उदाहरण :

घर एक विरक्त भ्mौ भयो ।
जगतै शून्यसमान फैलियो ॥
सपना दिलबाट वैलियो ।
मुटुले मूर्छित भाव नै लियो ॥
यति भन्दा त्यहाा आए शत्रुमर्दन कानका ।
तीखा आाखा भने यौटा कााचको आाखिभौाचरी ॥ पृ. ६८

उपयुर्क्त हरहरूफमा शत्रु मर्दनको रिस अनंगप्रति व्यक्त भएको छ । अनंग सुलोचना र सुलोचनाका दाजु ईश्वर छन् या छैनन् भन्ने बहस गरीरहदा बिचमा सुलाचनाका बाबु आएर अनंग लगायत सबैलाई डराएको छ र ती सबैजना डरले कुनामा लुकेको अवस्था छ ।

**११ अद्‌भुत रसको अभिब्यक्ति**

प्रस्तुत महाकाव्यमा नायक नायिकाको प्रेम सम्बन्धमा देखिएका बाधा व्यवधानले अद्‌भुत रसको निष्पत्ति भएको छ । यहाा नायक नायिका आफ्नो इच्छा विपरित उनका अभिभावकहरू जाादा उनीहरू घरबार छोडेर भाग्न खोज्छन् तर त्यहाा बिजुली नाम गरेकी पात्रले खलपाात्रको भूमिका निर्वाह गरेको देखिन्छ । यसर ी सोचेका कार्य पुरा नहुादा नायक नायिकाहरूमा विस्मय स्थायी भाव उत्पन्न भएको देखिन्छ । यसमा आलम्बन विभावका रुपमा बिजुली, सुलोचनाकि आमा, बुवा र सुलोचनाको पतिलाई लिन सकिन्छ भने उद्दीपन विभावका रुपमा सुनसान अन्धकारमय रात, घरबाट भाग्न खोज्दाको वातावरण जस्ता घटनाक्रमलाई लिन सकिन्छ । उपरोक्त घटनाका कारण नायक नायिका तथा स्वयं भावकमा पनि उत्पन्न

हुने अक्क न बक्क हुनु, पसिना आउनु, जिउ काम्नु, डराउनु, रातो मुख हुनु, ट्वाल्ल पर्नु, झसंग हुनु जस्ता कायिक, वाचिक र मानसिक क्रियाकलापले अद्भुत रसलाई परिपाक बनाउने कार्य गरेको छ । सुलोचनाका बुबा आमा र पतिको क्रियाकलाप देखेर रिस उठ्नु, शंका उत्पन्न हुनु, आवेग, शंका, हर्ष, तर्क, जडता, उत्सुकता, श्रम र मद उत्पन्न हुनु जस्ता व्यभिचारी भावले पनि अद्भुत रसलाई परिपाक गराएको छ ।

उदाहरण :

कर्मको छ तर चाल विचित्र ।
जो बुनिन्छ सपना मनचित्र ।
आासु बन्छ रड. उड्छ सुनौला ।
जिन्दगी धन लिईकन नौला ।
नरामा दोटैका विकल छ देवै बोट कुसुमी ।
फुले बन्दै दोटा कुसुम तर यो सौरभ कमी ॥ पृ. १५२

उपर्युक्त श्लोकहरूमा नायक र नायिकाको प्रेम सम्बन्धमा पटक पटक परेको बाधामा आउने नसोचेका घटनालाई वर्णन गरेको छ । जसमा नायिकाको विवाह अर्कैसाग गर्नलाग्दा दुबैको योजना अनुसार भाग्न लाग्दा बिचमा बिजुली आएर नायिकाको बुबालाई जानकारी गाराई दिने । आधा रातमा भाग्दा पनि फेरी नसोचेको बाधा व्यबधान आईलाग्नाले यसमा नायक र नायिकाको सोचेको कुरा पुरा नभएबाट अद्भुत रसको प्रयोग भएको छ ।

**१२ वीभत्स रसको अभिव्यक्ति**

सुलोचना महाकाव्यमा अनंग र सुलोचनाको प्रेममा बाधा व्यवधान आएको छ । सो ल्याउने काम सुलोचनाको आमाबुबाबाट भएको छ । यस्तो बाधा व्यवधान ल्याउने प्रमुख पात्रहरूलाई पाठकले घुणा गरेका छन् । अर्कोतिर सुलोचनाको विवाह रुपहीन बुढो विलाससिाहसाग गरेकोले स्वयं सुलोचनाले समेत उसलाई घृणा गरी आफ्नो सर्वस्व अनंगलाई अर्पण गरेकी छन् । यसबाट यहाा घृणा स्थायी भाव उत्पन्न भएको छ । यसमा घृणा उत्पन्न गराउने पात्र सुलोचनाको बुबाआमा र पति आलम्बन विभावका रुपमा तथा विलाससिाहको विकृत रुप र दुर्गन्ध उद्दीपन विभावका रुपमा रहेका छन् । विलाससिाहसाग विवाह गरेपनि उसलाई बाध्यतावश पति स्विकार्नु, आाखा चिम्लनु, नाक खुम्चाउनु, आाखि भौं ठाडो पार्नु, मुख बंग्याउनु र फर्काृउनु जस्ता अनुभावले विभत्स रसलाई उत्कर्षमा पुऱ्याएको छ । सुलोचना महाकाव्यलाई पढ्ने क्रममा पाठक, नायक, नायिका वा लेखकका मनमा ग्लानी, आवेग, रोग, व्याधि र चिन्ता जस्ता भावहरू सञ्चार भएका छन् । यी व्यभिचारी भावहरूले यसमा विभत्स रसलाई परिपाक गराउन मदत गरेको छ ।

उदाहरण :

घोर क्रुर ज्वरले थलिएका ।
होशहीन विधिले छलिएका ।

नाम लीकन बराबर बर्बर ।
गर्दथे नुन कबुल लिएका ।
हाय हाय तिनको छ दशा के ?
त्यो नभै हृदयमा रति याद ।
ठान्दथिन हृदयको कमजोरी ।
ती विरक्त मनकी अबलाले । पृ. ११८

उपयुर्क्त श्लोकहरूमा नायक र नायिकाले कुनै चिज वस्तुप्रति नभएर उनीहरूको प्रेम सम्बन्धमा बाधा पुऱ्याउने उनका दुश्मन विरोधी शत्रुमर्दन र विलास सिाहसागको रहेको छ । जब नायिकाले आफ्नो विवाह आफूले चाहेको केटा वा साथी अनंगसाग गर्न नदिएर नचाहेको व्यक्ति विलास सिाह गरेकोमा त्यसप्रतिको घृणा व्यक्त भएको छ । हाम्रो कुरा बुबाले नबुझेपनि आमाले त बुझ्नुपर्ने कस्ती आमा होलिन् भनेर यसमा विभत्स रस प्रकट भएको छ ।

**१३ शान्त रसको अभिव्यक्ति**

सुलोचना महाकाव्यमा शान्त रसले पनि आफ्नो स्थान ओगटेको छ । शान्त रस सुरुदेखि लिएर अन्त्यसम्म शृंगार र करुण रससागै बगेको पाइन्छ । शान्त रस खासगरी प्रथम सर्ग मंगलाचरणको पठनका क्रममा उत्पन्न भएको छ । दोश्रो सर्गमा सुलोचनाको पुर्ख्यौली वर्णन, अनंग र मर्दन दाजुभाइका बिचको ईश्वरीय बहस, जैमानेको ईश्वर भक्ति र तिमिर मर्दनले बहिनीलाई ईश्वर भक्ति गर्न लगाएको प्रसङ्गले शान्त रसको शम भाव प्रस्फुटन भएको छ । यसमा देखिएको स्तुतिपरक घटना वर्णन जस्तैः श्रीकृष्णको भक्ति, विष्णु देवताको भक्ति, निराकार परब्रह्मको वा शून्य तत्वको भक्तिले पनि शान्त रसको निष्पत्ति गराएको छ । भगवान श्रीकृष्ण, विष्णु देवता, सूर्य देवता र निराकार परब्रह्म परमात्मा आलम्बन विभावका रुपमा आएका छन् । गंगाको किनार, शान्तिको नगरी, स्वर्ग, धर्म र तर्कका बारेमा गरिएको बहस स्थल, रेशमी लुगा, दियो बल्नु, मुरली बजाउनु, एकान्त स्थलमा चित्तवृत्तिमा निवृत्त हुनु, शून्यको आकारमा विलाउनु, पशुपतिको सुन्दर रमणीय वातावरणले शान्त रसलाई उद्दीप्त तुल्याएको छ । उपरोक्त वातावरणले नायक, नायिका, पाठक र लेखकका मनमा अलौकिक दिव्यमयी आनन्द सिर्जना गर्नु, सात्विक रोमाञ्च भीरुता, त्याग, शून्यमयता, चैतन्यमयता जस्ता अनुभावले शान्त रसलाई मलजल गरेको छ । उपरोक्त कायिक, वाचिक, मानसिक चेष्ठाबाट नायक, नायिका, पाठक वा लेखकका मनमा मति, हर्ष, आनन्द, शून्यता, जडता, निर्वेद, मद, दया जस्ता व्यभिचारी भाव उत्पन्न गराई शान्त रसलाई परिपाकमा पुऱ्याउन मदत गरेको छ ।
उदाहरण :

अनंग भन्दछन् हेर विधवाको सतित्वमा ।
मृत्यु नाघेर सर्वस्वमा चढाएको मिठास छ ।
त्यहाा रहनछ संसार हाम्रो धर्मसहिष्णुता

दृढता, पूर्णविश्वास ।

अत्याचार त्यहाा छैन जहाा धर्म र स्वर्ग छ ।

पाचुकी अफ छन् दुष्ट लाखौा हृदय लालका ।

आासुले रक्तले भिजछन् कमजोरी बढाउाछन् ॥ पृ. ४८

सुलोचनाको पुर्ख्यौली वर्णनबाट सुरु भएको प्रस्तुत महाकाव्यमा बाबु शत्रुमर्दन र आमा मखनाकी छोरीका रु पमा सुलोचनाको जन्म भएको हुन्छ । बाल्यकाल देखि नै सुलोचना अनंगनाथ खत्रीसाग प्रेममा पर्छिन् । तर आमाबाबुले यो कुरालाई बेवास्ता गर्दै एकजना कर्णेलका छोरा विलाससिाहसाग उसको विवाह गर्ने कुराको टुंगो लगाउाछन् । यसबाट दुःखी बनेका अनंग सुलोचना भागी विवाह गर्ने प्रयास गर्छन तर उनको प्रयास विफल हुन्छ  र सुलोचनाको विलाससिाह साग विवाह हुन्छ ।

विलाससिाहसाग विवाह भएपछि सुलोचनाले सारै दुःख पाउाछन् । उनी सासु र पतिबाट समेत बेला बेलामा तिरस्कार सहन बाध्य हुन्छिन् । यसै क्रममा विलाससिाहले दोश्रो विवाह गर्छन् र सुलोचनाले झनै दुःख पाउाछिन् । सुलोचनालाई भेट्न उनको भाइ तिमिरमर्दन जान्छन् तर उनी पनि परमेश्वर किर्तन गर्दै जीवन बिताउ भन्ने सन्देश दिई आउाछन् ।

विलाससिाहको घरमा घरेलु कामदारका रुपमा जैमानेको रुपमा अनंग प्रवेश गर्दछ । उसले सुलोचनालाई प्रेम पत्र पठाइराखेको हुन्छ । कुनै दिन ती पत्रहरू विलाससिाहको हात पर्दा उसले सुलोचनालाई तथानाम गाली गर्छ घरबाट निकाल्न खोज्दछ तर जैमानेले विलाससिाहको पाऊ परी एकचोटीका लागि क्षमादान प्राप्त गर्दछ । त्यसै राती सुलोचनाप्रति गरेको अन्यायको पश्चाताप र आत्मग्लानीले आफ्नै पेस्तोलबाट विलाससिाहले आत्महत्या गर्दछ ।

सुलोचनाको जीवनमा यी विभिन्न आरोह अवरोहहरू अभिव्यक्त हुादा काव्यमा करूणाको सागर उर्लेको छ । कवि देवकोटाले प्रताडित र वियोगित नायिकालाई प्रतिनिधि बनाएर करूण रसको स्थायीभाव शोकलाई साधारणीकरणमा पुऱ्याएका छन् । भयानक, अद्भुत, वीभत्स, वात्सल्यरस आदि अङ्ग भएर आए पनि भयानकरस मुख्य अङ्ग बनेर आएको यसमा करूण रस अङ्गी बनेर आएको छ । महाकवि देवकोटाद्वारा र चिएको महाकाव्य 'सुलोचना' मा सुरुमा शृङ्गार र शान्त रस र बीच बीचमा वीर र रौद्र रस देखिए पनि अन्त्यमा करुण रसको शोक स्थायीभाव बनेर आएको छ । खासगरी करूण, रौद्र, वीर, भयानक, वीभत्स, अद्भुत, शान्त रसको प्रयोग यो महाकाव्यमा भएको देखिन्छ । प्रस्तुत महाकाव्यमा सुलोचनाले मन मिल्ने अनंगसाग विवाह गर्न नपाई कुलघरान इज्जतका आधारमा घर परिवारबाट जबरजस्ती विलास सिाहसाग विवाह गरिनु बाट नै करुणामिश्रित विप्रलम्भ शृंगार रसको भाव जागृत हुादै गएको छ ।

जैमानेका कुरा सुनेर सुलोचनाले अनंग त्यही हो भन्ने अनुमान गरी रातभरि रुादै रुादै थाक्नु यता विलास सिाह अपराध बोधले छट्पटाई आत्महत्या गर्नु, उता सुलोचना क्षयरोगले ग्रस्त बन्नु र उनलाई आर्यघाट पुऱ्याइनुका घटनाबाट शोक भाव परिपुष्ट हुादै जैमानेलाई आर्यघाटमा देख्नासाथ सुलोचनाले प्राण त्याग गर्दा र त्यो व्यक्ति अनंग नै हो भन्ने सबैलाई थाहा भएपछि त्यहाा भएका सबै व्यक्ति रुन थाल्दा शोक भाव

पूर्ण रुपमा जागृत भई करुण रस परिपाकको अवस्थामा पुगेको छ ।

सुलोचना महाकाव्यको प्रारम्भदेखि अन्तसम्म नै करूणरसको स्थायीभाव शोक एकछत्रका रूपमा अभिव्यञ्जित भएको छ । करूणरसको स्थायीभाव शोक परिपाक हुनुका निमित्त आवश्यक रसतत्त्वहरू सल्बलाएको हुादा करूणरस अङ्गी बनेको छ । अङ्ग रसको रूपमा आएका रसहरूले पनि शोकभावलाई नै पुष्टिने अवसर प्रदान गरेका छन् । यसमा शोकभाव रससाधारणीकरण भएको छ । लक्षणा र व्यञ्जना जस्ता ध्वनिले पनि रसनिर्माणमा आवश्यक सहयोग गरेका छन् ।

सुलोचना महाकाव्य नारी प्रधान महाकाव्य हो । नेपाली समाजमा कुरीति वा विकृतिका रूपमा रहेको बहुविवाह प्रथा, छोरीलाई विवाहमा आत्म निर्णयको अधिकारको अभाव र महिला हिासा जस्ता समस्यालाई यसमा उजागर गरिएको छ । एक नारीले आफूले इच्छाएको व्यक्तिसाग विवाह गर्न नपाउनु, उसको जबरजस्ती विवाह गरिनु र जो साग विवाह गरिएको छ उसबाट उचित पालनपोषण समेत नपाउनु र पतिले अर्को विवाह गरेका कारण समेत प्रताडित हुनुपर्दाको अवस्थाबाट प्राप्त दुःखदायी परिणामलाई चित्रण गर्नु यस काव्यको ध्येय हो । खासगरी पुरुष प्रधान समाजमा नारीलाई अबलाका रुपमा लिइन्छ । छोरीको विवाहका लागि धन सम्पत्ति भएको केटो खोजिन्छ । उसले धनसम्पत्तिकै आडमा बहु विवाह गर्न पनि छुट पाउाछ । तर नारी माथि गरिएको अन्याय र अत्याचार बाट स्वयं पुरुष समेत आत्मग्लानिको रापमा पिल्सिनु पर्ने अवस्था आउाछ । यसबाट महिलामाथि हुने हिासा महिलाका लागि त घातक छ नै स्वयं पुरुषका लागि त्यो भन्दा बढ्ता घातक छ भन्ने सन्देश यसमा दिइएको छ । जीवनको अन्तिम सत्य मरण नै हो चाहे त्यो विलाससिाह जस्तो सर्वशक्तिमान् पात्र होस् अथवा सुलोचना जस्तो सधैं हेपाइमा परेकी शक्तिहीन पात्र होस् । अन्तमा मरण नै कारुणिक सत्य हो । यस महाकाव्यको मूल सन्देश यही नै हो । सुलोचना महाकाव्यको अङ्गीरस करुण भएको हुादा शोकभाव नै केन्द्रीयभाव बनेर आएको छ । अङ्गरसको रूपमा रौद्र, वीर, भयानक, अद्भुत, वीभत्स रस आएका छन् । महाकाव्यको प्रारम्भमा रति भाव उद्बुद्ध हुन खोजेको भए पनि महाकाव्यभर नै करूणरसको स्थायीभाव शोक जागृत भई परिपाकमा पुगेको छ । साथै विभिन्न सञ्चारीभावहरूले करुण रसलाई रसावस्थामा पुऱ्याउन सहयोग गरेका छन् । सुलोचना महाकाव्यकी नायिका सुलोचनाका जीवनको आरोहअवरोह नै मुख्य विषयवस्तु भएको यस महाकाव्यमा शोकभाव नै मुख्य भावभूमि बनेको छ साथै रस साधारणीकरण समेत भएको छ ।

## निष्कर्ष

सुलोचनाको पुर्ख्यौली वर्णनबाट सुरु भएको प्रस्तुत महाकाव्यमा बाबु शत्रुमर्दन र आमा मखनाकी छोरीका रुपमा सुलोचनाको जन्म भएको हुन्छ । बाल्यकाल देखि नै सुलोचना अनंगनाथ खत्रीसाग प्रेममा पर्छिन् । तर आमाबाबुले यो कुरालाई बेवास्ता गर्दै एकजना कर्णेलका छोरा विलाससिाहसाग उसको विवाह गर्ने कुराको टुंगो लगाउाछन् । यसबाट दुःखी बनेका अनंग सुलोचना भागी विवाह गर्ने प्रयास गर्छन तर उनको प्रयास

विफल हुन्छ  र सुलोचनाको विलाससिाह साग विवाह हुन्छ ।

विलाससिाहसाग विवाह भएपछि सुलोचनाले सारै दुःख पाउाछन् । उनी सासु र पतिबाट समेत बेला बेलामा तिरस्कार सहन बाध्य हुन्छिन् । यसै क्रममा विलाससिाहले दोश्रो विवाह गर्छन् र सुलोचनाले झनै दुःख पाउाछिन् । सुलोचनालाई भेट्न उनको भाइ तिमिरमर्दन जान्छन् तर उनी पनि परमेश्वर किर्तन गर्दै जीवन बिताउ भन्ने सन्देश दिई आउाछन् ।

विलाससिाहको घरमा घरेलु कामदारका रुपमा जैमानेको रुपमा अनंग प्रवेश गर्दछ । उसले सुलोचनालाई प्रेम पत्र पठाइराखेको हुन्छ । कुनै दिन ती पत्रहरू विलाससिाहको हात पर्दा उसले सुलोचनालाई तथानाम गाली गर्छ घरबाट निकाल्न खोज्दछ तर जैमानेले विलाससिाहको पाऊ परी एकचोटीका लागि क्षमादान प्राप्त गर्दछ । त्यसै राती सुलोचनाप्रति गरेको अन्यायको पश्चाताप र आत्मग्लानीले आफ्नै पेस्तोलबाट विलाससिाहले आत्महत्या गर्दछ ।

यसपछि जैमाने भेषधारी अनंग शिवपुरीको डााडातिर जान्छन् । यता सुलोचना झन झन कमजोर बन्दै गइर हेकी हुन्छिन् । विलाससिाहको मृत्यु भएको कुरो जैमानेलाई थाहा हुादैन भने जैमाने नै अनंग हो भन्ने कुर ो सुलोचनालाई थाहा हुादैन । तर अनंगको जस्तै बोली र बानी भएको अनि आफूलाई बचाउन खोजेकोले अनंग नै हो कि भन्ने सुलोचनालाई आशंका हुन्छ । उता अनंग शिवपुरी तिर विरह व्याकुल भई सुलोचनालाई जुन ताराहरूमा खोजी रहेको हुन्छ भने यता सुलोचना क्षयरोगबाट ग्रसित भई कमजोर बन्दै अनंगलाई खोजी रहेकी हुन्छिन् । सुलोचना मरणासन्न अवस्थामा पुगेपछि आर्यघाटमा पुऱ्याइन्छिन् र अनंग पनि न ऋषि न पागलको रुपमा घुम्दै फिर्दै आर्यघाटमा आइपुग्छन् । एक पटक सुलोचनाले अनंगको मुखमा नजर पुऱ्याई संसारबाट बिदा हुन्छिन् । त्यहाा आइपुगेको ऋषि भेषधारी व्यक्ति नै अनंग हो भन्ने थाहा पाएपछि उपस्थित सबै जना दुःखि हुन्छन् र करुण मिश्रित भावमा कथानक समाप्त   हुन्छ ।

सुलोचनाको जीवनमा यी विभिन्न आरोह अवरोहहरू अभिव्यक्त हुादा काव्यमा करूणाको सागर उर्लेको छ । कवि देवकोटाले प्रताडित र वियोगित नायिकालाई प्रतिनिधि बनाएर करूण रसको स्थायीभाव शोकलाई साधारणीकरणमा पुऱ्याएका छन् । भयानक, अद्भुत, वीभत्स, वात्सल्यरस आदि अङ्ग भएर आए पनि भयानकरस मुख्य अङ्ग बनेर आएको यसमा करूण रस अङ्गी बनेर आएको छ । महाकवि देवकोटाद्वारा र चिएको महाकाव्य 'सुलोचना' मा सुरुमा शृङ्गार र शान्त रस र बीच बीचमा वीर र रौद्र रस देखिए पनि अन्त्यमा करुण रसको शोक स्थायीभाव बनेर आएको छ ।

जैमानेका कुरा सुनेर सुलोचनाले अनंग त्यही हो भन्ने अनुमान गरी रातभरि रुादै रुादै थाक्नु यता विलास सिाह अपराध बोधले छट्पटाई आत्महत्या गर्नु, उता सुलोचना क्षयरोगले ग्रस्त बन्नु र उनलाई आर्यघाट पुऱ्याइनुका घटनाबाट शोक भाव परिपुष्ट हुादै जैमानेलाई आर्यघाटमा देख्नासाथ सुलोचनाले प्राण त्याग गर्दा र त्यो व्यक्ति अनंग नै हो भन्ने सबैलाई थाहा भएपछि त्यहाा भएका सबै व्यक्ति रुन थाल्दा शोक भाव पूर्ण रुपमा जागृत भई करुण रस परिपाकको अवस्थामा पुगेकते छ ।

सुलोचना महाकाव्य नारी प्रधान महाकाव्य हो । नेपाली समाजमा कुरीति वा विकृतिका रूपमा रहेको

बहुविवाह प्रथा, छोरीलाई विवाहमा आत्म निर्णयको अधिकारको अभाव र महिला हिंसा जस्ता समस्यालाई यसमा उजागर गरिएको छ । एक नारीले आफूले इच्छाएको व्यक्तिसाग विवाह गर्न नपाउनु, उसको जबरजस्ती विवाह गरिनु र जो साग विवाह गरिएको छ उसबाट उचित पालनपोषण समेत नपाउनु र पतिले अर्को विवाह गरेका कारण समेत प्रताडित हुनुपर्दाको अवस्थाबाट प्राप्त दुःखदायी परिणामलाई चित्रण गर्नु यस काव्यको ध्येय हो । खासगरी पुरुष प्रधान समाजमा नार ीलाई अबलाका रुपमा लिइन्छ । छोरीको विवाहका लागि धन सम्पत्ति भएको केटो खोजिन्छ । उसले धनसम्पत्तिकै आडमा बहु विवाह गर्न पनि छुट पाउाछ । तर नारी माथि गरिएको अन्याय र अत्याचार बाट स्वयं पुरुष समेत आत्मग्लानिको रापमा पिल्सिनु पर्ने अवस्था आउाछ । यसबाट महिलामाथि हुने हिंसा महिलाका लागि त घातक छ नै स्वयं पुरुषका लागि त्यो भन्दा बढ्ता घातक छ भन्ने सन्देश यसमा दिइएको  छ । जीवनको अन्तिम सत्य मरण नै हो चाहे त्यो विलाससिंह जस्तो सर्वशक्तिमान् पात्र होस् अथवा सुलोचना जस्तो सधैं हेपाइमा परेकी शक्तिहीन पात्र होस् । अन्तमा मरण नै कारुणिक सत्य हो । यस महाकाव्यको मूल सन्देश यही नै हो । सुलोचना महाकाव्यको अङ्गीरस करुण भएको हुादा शोकभाव नै केन्द्रीयभाव बनेर आएको छ । अङ्गरसको रूपमा रौद्र, वीर, भयानक, अद्भुत, वीभत्स रस आएका छन् । महाकाव्यको प्रारम्भमा रति भाव उद्बुद्ध हुन खोजेको भए पनि महाकाव्यभर नै करूणरसको स्थायीभाव शोक जागृत भई परिपाकमा पुगेको छ । साथै विभिन्न सञ्चारीभावहरूले करुण रसलाई रसावस्थामा पुऱ्याउन सहयोग गरेका छन् । सुलोचना महाकाव्यकी नायिका सुलोचनाका जीवनको आरोहअवरोह नै मुख्य विषयवस्तु भएको यस महाकाव्यमा शोकभाव नै मुख्य भावभूमि बनेको छ साथै  रस साधारणीकरण समेत भएको छ ।

**सन्दर्भ सामग्री सूची**


अधिकारी, अम्बिकाप्रसाद (२०२५) सुलोचनामा पहिलाइको समाज. साझा समालोचना (सम्पा. कृष्णचन्द्र सिंह प्रधान), काठमाडौं, साझा प्रकाशन, पृ. ३१७ ।

अव, केशवप्रसाद (२०३२) सुलोचना : एक प्रयोग. केही रचना केही विवेचना. काठमाडौं, रत्न पुस्तक भण्डार, पृ. ८० ।

ओझा, रामनाथ (२०७३) नेपाली कविता र काव्य. काठमाडौं, करुधरा पब्लिकेशन प्रा.लि., पृ.२९१ . ३०६ ।

गौतम, कृष्ण (२०४७) देवकोटाका प्रबन्धकाव्य (दो.सं.). काठमाडौं, इन्दु प्रकाशन ।

जोशी, कुमारबहादुर (२०५२) देवकोटा र उनका महाकाव्य  (ते.सं). काठमाडौं, साझा प्रकाशन, पृ. १९२ ।

त्रिपाठी, वासुदेव (२०३२) सिंहावलोकन (दो.सं.). काठमाडौं, साझा प्रकाशन ।

बन्धु, चुडामणि (२०३६) देवकोटा. काठमाडौं, साझा श्रेष्ठ, दयाराम (२०३२) सुलोचना : पद्यात्मक उपन्यास ?. नेपाली साहित्यका केही पृष्ठ. काठमाडौं, साझा प्रकाशन, पृ. ११७ ।

भट्ट, गोविन्द (२०२५) लक्ष्मीप्रसाद देवकोटामा क्रान्तिकारी प्रवृत्ति. भानु (देवकोटा विशेषांक), ५/१२ ।

रिमाल, वासु (२०२५) के देवकोटा महान कवि होइनन्. भानु (देवकोटा विशेषांक), ५/१२ ।

रिसाल, राममणि (२०५०) काव्य र कवि (चौ.सं.). काठमाडौं, साझा प्रकाशन, पृ. १११ ।

लामिछाने, बुनु (२०५६) सुलोचना महाकाव्य : एक अध्ययन (अप्रकाशित स्नातकोत्तर शोध प्रबन्ध). काठमाडौं, नेपाली केन्द्रीय विभाग : त्रिभुवन विश्वविद्यालय ।

श्रेष्ठ, रमेश (२०४९) नेपाली कविताको प्रवृत्ति (दो.सं.). काठमाडौं, साझा प्रकाशन, पृ. १५२ ।